स्थानीय सरकार
Local Government
पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, प्रदेश, नेपाल

प.सं.२०८२/०८३
च.नं.

सूचना प्रकाशित मितिः २०८२।०९।१८

**पथरि शनिश्चरे नगरपालिकामा नक्शापास नगरी निर्माण भएका भवनहरुको अभिलेखीकरण (सूचीकृत) गर्ने सम्बन्धि सूचना ।**

पथरीशनिश्चरे नगरक्षेत्रभित्र स्थानीय सरकार संचालन ऐन, २०७४ दफा २७ विपरित नक्सापास नगरी साथै यस नगरपालिकाको भवन निर्माण मापदण्ड तथा नक्शापास कार्यविधि, २०८१ अनुरुप मापदण्ड विपरीत निर्माण भएका /निर्माण इजाजत नलिई मिति २०८१/१०/२० भन्दा पहिले निर्माण भएका आवासीय, व्यापारिक, व्यवसायिक, सरकारी, सार्वजनिक, मठ-मन्दिर, अन्य भवनहरुको अभिलेखिकरण प्रमाणपत्र जारी गरी अभीलेख राख्न "नक्सा पास प्रकृयामा नआई पहिले नै बनेका घरहरुको घरनक्सा अभिलेखिकरण सम्बन्धि मापदण्ड/कार्यविधि, २०७७" बमोजिम मिति २०८२।०९।०९ गतेको कार्यपालिकाको निर्णयानुसार सूचना प्रकाशन भएको मितिबाट २०८३ साल असार मसान्त भित्र निवेदन दर्ता गर्नु हुन साथै सम्पुर्ण अभिलेखीकरण प्रकृया समयावधि निबेदन दर्ता भएको ३ महिना भित्र घर अभिलेखीकरण प्रमाण पत्र अनिबार्य लिई सक्न जानकारी सहित यो सूचना प्रकाशित गरिएको छ ।

**अभिलेखीकरण प्रमाण पत्रका लागि निवेदन संग संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः**

१। जग्गाधनीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ प्रति
२। जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि - १ प्रति
३। जग्गाको फाइल नक्सा, सक्कलै -१ प्रति
४। जग्गाको वडा नक्सा, सक्कलै - १ प्रति
५। जग्गाधनीको पासपोर्ट साइजको फोटो -३ प्रति
६। जग्गाको सम्पत्ति कर / मालपोत तिरेको रसिदको प्रतिलिपि -१ प्रति
७। घर निर्माण सम्पन्न मिति उल्लेखित सम्बन्धित वडाको अभिलेखिकरण (सूचीकृत)सिफारिस - १ प्रति
८। चार किल्ला प्रमाणित सिफारिस
९। बाटो प्रमाणित सिफारिस
१०। पथरि शनिश्चरे नगरपालिकामा दर्ता भई घर नक्सा सम्बन्धि कन्सल्टेन्सीबाट प्रमाणित गरी बनाएको घरको वास्तुकला नक्सा -२ प्रति
११। घरको चारतिरको स्पष्ट देखिने फोटो

***घर नक्शा अभिलेखीकरण (सूचीकृत) सम्बन्धि थप वा विस्तृत जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकाको भवन तथा शहरी विकास शाखा***

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत